# माझ किरातको किरात राई राज्यकालीन शिक्षा पद्धति : एक अध्ययन

चन्द्रकुमार राई "हतुवाली"*

**लेखसार**

नेपालका ऐतिहासिक शासकमध्ये किरात पनि हुन् । काठमाडौँ उपत्यकामा किरातहरूले राज्य गरेको विषयमा सबै इतिहासकारहरूको स्वीकार छ । यिनै किरात शासनकालमा नेपाली संस्कृति, प्रशासनिक, न्यायिक तथा राजनीतिक विकासको प्रारम्भ भएको कुरामा दुई मत छैन । नेपाली सभ्यताको जग हाल्ने यिनै किरात जाति लिच्छवीबाट पराजित भएर पूर्व लागेपछि भने ३ भागमा विभक्त भई शासन सञ्चालन गर्न थाले । अरूणपारि पल्लोकिरात, पूर्वमा अरूण नदीदेखि सुनकोशी नदीसम्म माझकिरात र सुनकोशीदेखि पश्चिमको भागलाई वल्लो किरात भनिन्छ । ती किरात क्षेत्रहरूमध्ये माझकिरातमा राई जातिको शासन व्यवस्था र राई जातिको मुख्य बसोबास थियो । प्रस्तुत आलेखमा किरातकालीन माझकिरातको शासनकालमा प्रचलित शिक्षा व्यवस्थाका बारेमा अध्ययन केन्द्रित गरिएको छ ।

## पृष्ठभूमि

शिक्षा मानवीय जीवनको प्रथम आधार हो भने राज्यका लागि विकास र सभ्यताको मापन हो । संमृद्ध शिक्षाले नै जीवन र जगत्लाई अग्रमार्गमा डोऱ्याउँछ भने समग्रताबाट भिन्न पहिचान दिन्छ । विगतको इतिहास र वर्तमान परिवेशले यही प्रमाणित गरेको छ । नेपालको राजनीतिक तथा सांस्कृतिक इतिहासमा किरात सभ्यताको चर्चा कम महत्त्वको छैन । पक्कै पनि यसको आधार किरातकालीन शिक्षा पद्धति नै हो भन्न कर लाग्छ ।

तत्कालीन समयमा उपत्यकामा प्रथम फिरन्ता गोपाल वंशको शासन महिषपालहरूको प्रवेशपछि पराजित भई विस्थापित हुन पुग्यो । महिषपाल शासनको समयमा पूर्वबाट राज्य विस्तारको क्रममा किरात राजा यलम्बरले उपत्यकामा आक्रमण गरेर विजय प्राप्त गरी राज्य शासन सञ्चालन गर्न थाले । गोपाल वंश र महिषपाल वंशले आफ्नो शासनकालमा स्थापित गरेको पशुपालन गाई र भैँसीपालन जस्ता कृषिको जगमाथि यलम्बर हाङले राज्यका नवीन शक्ति निकायहरूको स्थापना गर्न पुगे । यस्ता नवीन निकायहरूमा राजनीतिक अङ्गका सरकार, प्रशासन तथा न्याय थिए । यिनैका आधारमा राज्यका जनताले अमनचयन प्राप्त गरेका थिए ।

---

*संस्कृति अनुसन्धाता

किरात राज्य सञ्चालनको एक लामो कालखण्डपछि लिच्छवीहरूले किरात राज्य उपत्यकामा आक्रमणमार्फत विजय प्राप्त गरे । तथापि किरातकालीन राज्य संयन्त्रलाई विजेता लिच्छवीहरूले पनि जस्ताको त्यस्तै अँगाले । यस्ता प्रचलित संयन्त्रहरू कुथेर, शोल्ल, लिङ्ग्वल र माप्चोक थिए । यी संयन्त्रहरूको निश्चित क्षेत्रधिकार हुन्थ्यो । क्षेत्रधिकारभित्र रहेर संयन्त्रहरूले आफ्ना कार्यहरू सम्पन्न गर्ने भएकाले राज्य व्यवस्थित हुन्थ्यो ।

किरात शासन कालमा स्थापित राज्य संयन्त्र हुनु तत्कालीन समयको उच्च शिक्षा पद्धति रहेकामा कुनै शङ्का छैन । शिक्षाको मर्म बुझाइले शिक्षाको विकास हुन्छ । शिक्षाको विकासले राज्यको सभ्यतामा नै असर पार्दछ । यस अर्थमा किरात राज्यको शिक्षा व्यवस्थित र उच्च प्रकारको थियो । सुसंस्कृतिपूर्ण शिक्षा हुनुमा शिक्षाप्रतिको उच्च सम्मान हो भन्न सकिन्छ । यस अर्थमा लिच्छवीबाट पराजित भई पूर्वतिर लागेका किरातका शाखाहरू मध्ये माझकिरातमा रहेका किरात शासनकालको शिक्षाबारे प्रकाश पार्नु आजको आवश्यकता हो । यस विषय सन्दर्भलाई क्रमशः प्रस्तुत गरिएको छ ।

## किरात र किरात राई जाति

राई जातिको अध्ययन गर्ने सन्दर्भमा किरात शब्द अनिवार्य सम्बन्धित भएर आएको पाइन्छ । किरात के हो ? किरात र राईको सम्बन्ध के छ ? किन राई शब्दसँग किरात शब्द जोडिएर आउँछ ? भन्ने सवालको चर्चा सङ्क्षिप्तमा अध्ययन गर्नुपर्ने आवश्यक देखिन्छ । त्यसैले यहाँ दुई भिन्न शीर्षकमा किरात र राई शब्दको बारेमा सङ्क्षिप्तमा प्रस्तुत गरिन्छ :

### किरात

नेपालको जातिगत तथा राजनीतिक चर्चाका सम्बन्धमा राई र लिम्बुसँगै जोडिएर आउने शब्द किरात एक महत्त्वपूर्ण र ऐतिहासिक शब्द हो । प्राचीन कालमा किरात एक जाति, सभ्यता र शासक र शासनको रूपमा रहेको पाइन्छ । हिन्दू धर्मसँग सम्बन्धित मुख्य शास्त्रहरू महाभारत र मनुस्मृतिमा पनि किरातको बारेमा उल्लेख भएको पाइन्छ । तत्कालीन समयमा पनि किरात एक सशक्त शासकका रूपमा रहेको भन्ने इतिहासकार बालचन्द्र शर्माले उल्लेख गरेका छन् (शर्मा, २०२७ : ३४) ।

नेपालको सन्दर्भमा किरात एक अधिक चर्चाको विषय भएको पाइन्छ । किरात शब्दको शाब्दिक अर्थदेखि लिएर किरातभित्र संलग्न जातिहरूको चर्चा नै मुख्य विषय हो । शाब्दिक अर्थका सम्बन्धमा किरात जाति के हो ? र किरात जातिको सन्दर्भमा किरात जातिभित्र कुन कुन किरात संलग्न छन् भन्ने प्रश्न नै प्रमुख हुन् । किरातको शाब्दिक अर्थका सन्दर्भमा विभिन्न अर्थगत भनाइहरू छन् । यस्ता अर्थहरूमध्ये कृविक्षेपे धातुबाट किरतीति किरः रूप हुन्छ । यसको अर्थ हो समुद्रसम्मको भूमि । किरमतन्ति गच्छन्ति ये ते किराताः । अर्थात् समुद्रपर्यन्त भूभागलाई पराक्रमले जितेर शासन गर्नेलाई किरात भनिन्छ (प्रपन्नाचार्य, २०५७ : ३५७) ।

अर्को किरातबाट किराती भएको र राई बान्तावा भाषाको कि-डर, भय वा बाघ अर्थात् डरलाग्दो बाघ जस्तो+राँ-राँकाक्=अधिक तेजिलो+ता-ताया=त्रान, बुद्धि, विवेक अर्थात् ज्ञान, बुद्धि विवेक भएको=अर्थ: बाघ जस्तो डरलाग्दो अधिक तेजिलो  ज्ञान, बुद्धि विवेक भएको जाति हो (मुकारुङ, २०५६ : ५) । यसरी नै कि-लामो र रावा-दाजुभाइ वा दक्छा मिलेर किरावा शब्द बनेको हो । अर्थात् विविध थर र भाषीहरूको लामो लहरी नै किरावा हो । यही किरावा नै अन्य जातिमा उच्चारणमा आएको जटिलताले किरात बन्न पुगेको हो (हतुवाली, २०७० : १) ।

किरात शब्दको शाब्दिक अर्थानुक्रमलाई सिलसिलाबद्ध गर्ने हो भने यहाँ एक लामो दस्तावेज बन्न सक्छ । यो शीर्षकका लागि मात्र पनि एक छुट्टै अध्ययन र अनुसन्धानको विषय हुन सक्छ । त्यसैले यस अध्ययनका क्रममा किरातको सङ्क्षिप्त शाब्दिक अर्थलाई मात्र प्रस्तुत गरिएको छ । यस शाब्दिक अर्थहरूले मात्र पनि किरात नेपालको जातिगत विविधताभित्रको एक सशक्त जाति हो भन्ने प्रष्ट छ ।

## राई जाति

किरातको बारेमा सङ्क्षिप्तमा उल्लेख गरिसकेपछि किरात जातिभित्र पर्ने राईको बारेमा पनि उल्लेख गर्नु आवश्यक छ । किरात एक बृहत् जाति हो । किरात जातिभित्र पनि विभिन्न शाखा जातिहरू रहेका छन् । यी शाखा जातिहरूमा राई र लिम्बु (शर्मा, २०४९ : २८९), (नेपाल, २०५५ : २६१), (बिष्ट, २००७ : ५), राई र लिम्बुका साथै नेवार र थारु (आचार्य, २०६३ : ५), राई, लिम्बु, याक्खा र सुनुवार (मुकारुङ, २०६७ : ३) र किरात जातिका वंशज र एक प्रमुख हाँगा मानिएका राई (शर्मा, २०६३ : ९८) भनेर उल्लेख भएको पाइन्छ । यस अध्ययनका आधारमा किरातभित्रको एक महत्त्वपूर्ण जातिको रूपमा राई रहेको छ ।

किरातभित्रको महत्त्वपूर्ण जातिका रूपमा रहेको राई जातिको शाब्दिक अर्थका बारेमा पनि प्रष्ट पार्ने प्रयासहरू भएका छन् । राई शब्द किरातहरूको उपाधि भएको, आदरको अर्थमा प्रयोग गरिने आर्यमूलक शब्द हो र जिम्दारको विकृत रूप हो (शर्मा, २०४९ : २९२) । किरातबाट राई भएको हो । किन्तु राय शब्दको अपभ्रंशबाट राई हुन गएको हो । प्राचीन वैदिक साहित्यमा राय शब्दको उल्लेख धेरै छ । त्यतिखेर राय शब्द धन र धनीको वाचक थियो । किरातहरू प्राचीनकालमा वीर, पुरुषार्थी, उद्योगपतिदेखि लिएर राजा महाराज, सम्राट र वैज्ञानिक थिए (प्रपन्नाचार्य, २०५७ : ६६९) । राई शब्दलाई प्रष्ट्याउने क्रममा  राई राजाको पर्यायवाची भएको (शर्मा, २०६३ : ९८) तथा गाउँका ठालु वा मुखिया जनाउने (बिष्ट, २००७ : ५) शब्द भएको कुरा पनि उल्लेख छ ।

विद्वानहरूबाट राई शब्दको अर्थ प्रष्ट्याउने क्रममा राई एक सम्मानित पद, उपाधि भएको र यो शब्द राई शब्द नभई आर्यमूलक शब्द भएको भन्ने निष्कर्ष निकालिएको छ । तथापि राई जातिको सामाजिक जीवन तथा राई भाषाको गहिराइमा पुगेर अर्थ दिएको भने पाइदैंन । त्यसैले यस अर्थगत राई शब्दले

किराती राई शब्दको तथ्यगत अर्थ बोकेको छ भन्न कठिन छ । हरेक जातिको अर्थ र अनुसन्धान समाज र जातिपरक हुन आवश्यक छ । किरात जातिभित्र रहेको एक प्रमुख राई जातिको राई शब्दलाई किरात बान्तावा राईले किरावा भन्ने शब्दमार्फत प्रष्ट्याउँदा उपयुक्त हुन्छ । बान्तावा राईले किरातलाई किरावा भन्ने गरेको पाइन्छ । किरावाको शाब्दिक अर्थ लगाउँदा कि+रावा अर्थात् कि भनेको लामो, रावा भनेको दाजुभाइ वा विविध थर र भाषीहरूको लामो लहर हो । यही किरावाको रावा शब्द नै अप्रभंश भई राई भएको हो भन्न सकिन्छ ।

## किरात शासन व्यवस्था र माझकिरातकालीन राई शासन

नेपालमा किरात जाति, सभ्यता र शासकका रूपमा लामो समयसम्म प्रचलनमा रहेको पाइन्छ । इतिहासकारहरूका अनुसार किरात शासन व्यवस्था नेपाल उपत्यकामा महिषपालपछि लिच्छवीहरूको उदयसम्म रहेको थियो । कर्कपेट्रिकका अनुसार अन्तिम महिषपाल राजा भोवानीसिंहलाई, राइटका अनुसार भुवनसिंहलाई किरात राजा यलुङ्ले हराएर राज्य स्थापना गरेका थिए (क्षेत्र र रायमाझी, २०६० : ४२) । यसपछि किरातहरूले नेपालमा लगातार कर्कपेट्रिकका अनुसार २७ किरात राजाहरूले जम्मा वर्ष १६ सय ३० वर्ष र राइटका अनुसार २९ पुस्ताले ११ सय १८ वर्ष राज्य शासन चलाएका थिए (शर्मा, २०२७ : ६४) ।

लामो समय शासन चलाएका किरातहरूले नेपालमा सभ्यताका विभिन्न अङ्गहरूको विकास गरेका थिए । किरातहरूकै पालादेखि नेपालको मौलिक, आर्थिक, सामाजिक र धार्मिक जीवनको क्रम बसेको हो अर्थात् किरातहरूको शासन नै नेपाली संस्कृतिको उत्पत्तिकाल हो (शर्मा, २०२७ : ७६), (सुवेदी, २०६५ : ५७) । सुव्यवस्थित शासन सञ्चालन गरिरहेका किरात राजा गस्तीलाई नवगान्तुक सोमवंशीहरूले पराजित गरी गोदावरीमा नयाँ दरबार बनाई नेपालमा आफ्नो शासन कायम गरे (शर्मा, २०२७ : ७८) । ई.सं. २५० को आसपासमा लिच्छवी राज्यका संस्थापक राजा जयदेव प्रथमले किराँत राज्य भङ्ग गरी आफ्ना स्वतन्त्र राज्य स्थापना गरेका थिए (आचार्य, २०५४ : २६) ।

लिच्छवी राजा जयदेव प्रथमबाट किरातहरू पराजित भएपछि लिच्छवीहरूको दासत्वमा रहनुपऱ्यो (सिंह, १९९० : ३१७) । अर्को मतअनुसार लिच्छवीबाट पराजित भएका किरातहरू पूर्वतिर हानिए (पाण्डे, २०५५ : ५७) । उनीहरू कोशी प्रदेशमा फर्केर तामाकोशी र अरूणको बिचको भूभागमा बस्न थाले (नेपाल, २०५५ : २८७) । अर्कोतिर उपत्यकाको शासन गुमेपछि किरातहरू उपत्यका पूर्व ((भक्तपुर या बनेपापूर्व) देखि भुटान पश्चिमबिचको भूभागको आफ्नो मौलिक थलोमै बसोबास गरी आफ्नो प्राचीन सभ्यता, धर्म, संस्कृति र जीवनशैली अँगाल्दै विभिन्न स्वधीन राज्यहरू खडा गरी स्वतन्त्र रहे भन्ने पाइन्छ (राई, २०६० : १८) ।

पृथ्वीनारायण शाहको  पूर्वी विजय अभियानको क्रममा किरात राईहरूको बसोवास क्षेत्र तामाकोशी क्षेत्र अर्थात् माझकिरात क्षेत्रमा किराती राजा वलिङहाङ र उलिङहाङ राज्य गर्दै थिए । उनीहरूले गोरखाली सेनासँग निरन्तर पाँच वर्षसम्म युद्ध लडे । उलिङ हाङ तामाकोशीको किनार युद्धभूमिमा मारिए भने वलिङ हाङ राजाले पाँच वर्षसम्म आफ्नो देशको प्रतिरक्षा गरे । अन्तमा गोरखाली सेनाहरूको निरन्तर आक्रमणमा टिक्न नसकेर युद्धभूमि छाडेर तराईको फुगढ वा सुकना गई बसे । उनी बान्तावा राई परिवारको थिए (चेम्जोङ, २०५१ : १९०) । यस युद्धको अवस्था  र वर्तमान किरातीहरूको बसोवास किरातहरू पूर्व थलो लागेको तथ्य प्रमाणित हुन्छ ।

## माझकिरातको किरात राई शासन व्यवस्था

लिच्छवीहरूसँग पराजित पूर्व लागेका किरातहरू त्यसपछि भने ४ भागमा विभक्त  भए : लिम्बू, राई, याक्खा र सुनुवार । पल्लोकिरातमा लिम्बु, माझकिरातमा राई किराती, ओल्लो किरातमा राई, सुनुवार बसोवास गर्न थाले (नेपाल, २०५५ : २८७) र एक स्वतन्त्र शासकका रूपमा स्थापित भई शासन सञ्चालन गर्न थाले । यही आधारमा माझकिरातमा किरात राई राज्य शासनको प्रारम्भ भई पृथ्वी नारायण शाहको विजय अभियान पूर्वसम्म सञ्चालनमा रह्यो ।

चाँगुनारायणको शिलालेखमा राजा मानदेवले आमाको आज्ञा लिई फौजसाथ पूर्वका सामन्तहरूलाई कज्याउन जादाँ अधिपत्य स्वीकार गरेको उल्लेख छ । यी सामन्तहरू पूर्वको किरात हुने अनुमान गरिएको छ (बज्रचार्य, २०५३ : २३) । मल्लकालमा यक्ष मल्लले आफ्नो राज्य बिस्तार पूर्वमा बङ्गालसम्म पुऱ्याएका थिए (शर्मा, २०२७ : १४१) । त्यसपछि सोरौँ शताब्दीको समय पाल्पाको मुकुन्द सेन (प्रथम) ले आफ्नो राज्य बिस्तार गरी पूर्वमा पनि आधिपत्य जमाएका थिए । त्यति बेला कोशी क्षेत्र निक्कै शक्तिशाली थियो । वि.सं.१७३५ मा मकवानपुर विभाजन भई माझकिरात छुट्टै राज्यको रूपमा स्थापना हुनपुग्यो र राजधानी चौदण्डी गढी बनाइयो (सूचना विभाग, २०३१ : ६१२) । यसरी इतिहासमा किरात राज्यलाई अन्यको अधीनमै रहेको देखाएको पाइन्छ । तथापि न त विगतमा न त अहिले नै उल्लिखित शासन र शासकहरूको माझकिरातमा ऐतिहासिक तथ्य प्रमाणहरू प्राप्त हुन सकेका छन् । त्यसरी नै न त यहाँका जनताहरूमा यस बारेको कुनै जानकारी नै छ ।

माझकिरातको सिमाना बारेमा विद्वानहरूले उल्लेख गरेको पाइन्छ । दुधकोशी पूर्व, अरूण बादशाह पश्चिम, चुरे महाभारत उत्तर, भोट सिमाना दक्षिणभित्र थियो (अर्जेल, २०४२ : १५) । त्यसरी नै पूर्वमा अरूण नदी, दक्षिणमा सुनकोशी, पश्चिममा सिन्धुलीगढी र लिखुखोला र उत्तरमा चोमोलुङको हिमश्रृङ्खलाले भोटसँग छुट्याएको थियो (राई, २०५८ : ७) । माझकिरातको पुरानो गढी छ, जुन हतुवागढीको नामले प्रसिद्ध छ (सूचना विभाग, २०३१ : ६०२) । यसरी नै प्राचीनकालका किरात राजाहरूको गढी हो भनेर प्रष्ट किटानी पनि गरिएको छ (सूचना विभाग, २०३१ : ६१७) । यो गढीमा रहेको भग्नावशेष किराती

राजाको दरबार र किल्लाको भग्नावशेष हो (अर्जेल, २०४२ : २१) । यही हतुवा नै किरात राजाहरूको राजधानी थियो (राई, २०५८ : २३) ।

हतुवा राज्यको संस्थापक किरात राई राजा वालाहाङ थिए । उनका उत्तराधिकारी राजाहरूमा चर्चित सुनाहाङ, कर्महाङ (अर्जेल, २०४२ : २१) र मन्त्री अटलकाजी थिए । तर सुनाहाङ र कर्महाङ मात्र नभएर अटल हाङ पनि राजा भएको कुरा तथ्य प्राप्त भएको छ । यिनै अटलहाङको पालामा पृथ्वीनारायण शाहले हतुवा राज्यमा आक्रमण गरेका थिए । वि.सं. १८२८ भदौ १३ गतेदेखि वि.सं.१८२९ माघसम्म भएको युद्धमा किरात राजा अटलहाङ पराजित भई माझकिरात गोरखालीको कब्जामा हुन गयो (सुबेदी, २०६५ : १८२) । अटलहाङ पराजित भएपछि आफ्ना सहयोगीहरूलाई लिई अरूण नदी चेफाबाट तरेर भारतको चुरेली स्थानमा पुगे र बसोवास गरे (राई, २०५८ : २२) । तर भारतको चुरेलीमा नभई भारतको बिहार राज्यको सुपौल जिल्लामा पुगेर बसोवास गर्न थाले । उनी र सहयोगीका सन्तानहरू अहिले पनि धेरै सङ्ख्यामा त्यहाँ बसोवास गरिरहेका छन् (राई, २०६७ : ५) । यसरी लामो समय माझकिरातमा शासन चलाएका किरात राई राजाहरूले काठमाडौँ उपत्यकामा आफ्ना किरात पूर्खाहरूले शासन सञ्चालनका क्रममा विकास गरेका किरात शासन पद्धतिका उपलब्धिहरू आआफ्ना नयाँ स्थापित राज्य क्षेत्रमा लागु गरेका थिए । यसमध्येको शिक्षा पनि एक थियो ।

## किरात राई शासनकालीन शिक्षा पद्धति

लामो ऐतिहासिक कालखण्ड शासन चलाएका किरात जातिको राज्य शासन व्यवस्था उच्च थियो भन्ने कुरामा इतिहासकारहरूले प्रष्टसँग उल्लेख गरेका छन् । यिनै किरात शासककै एक शाखा राई पनि भएकाले किरात राई राज्य माझकिरातमा पनि शिक्षाको अवस्था उच्च हुनु स्वभाविक छ । किरातहरूका पालादेखि नेपालको मौलिक, आर्थिक, सामाजिक र धार्मिक क्रम बसिसकेको प्रमाण प्राप्त छ (शर्मा, २०२७ : ७६) । किरातकालपछि शासन गर्ने लिच्छवीहरूको शासन तथा सम्पूर्ण विकासको पूर्वधार किरात शासन नै भएको कुरामा इतिहासकारहरूले प्रष्ट किटानी गरेको पाइन्छ । नेपालको जातीय र राष्ट्रिय जीवन लिच्छवी कालमा विशेष समृद्ध र सबल भए तापनि यिनको अङ्कुर ईसाभन्दा निकै अघि किरातकालमै देखा परिसकेको थियो (शर्मा, २०२७ : ७७) ।

इतिहास शिरोमणी बाबुराम आचार्यले लिच्छवीकालमा बहुप्रचलित राजनीतिक, प्रशासनिक तथा न्यायिक संस्थाहरू कुथेर, शोल्ल, लिङ्ग्वल र माप्चोक आदि अधिकरण अर्थात् कार्यालयहरू र भट्ट, पिटल्ज तथा विष्टि आदि शुल्क वा तिराहरू पनि किरातकालदेखि प्रचलनमा रहँदै आएको उल्लेख गरेका छन् (आचार्य, २०६३ : ९) । किरातकालबाट प्रचलनमा आएका कुथेर अधिकरण राजकर सम्बन्धी अदालत, माम्चोक अधिकरण पारिवारिक अदालत, लिङ्ग्वल अधिकरण सिँचाइ तथा जल प्रयोग सम्बन्धी अदालत, शोल्ल अधिकरण फौजदारी अदालत र ब्रहमुङ विशेष अदालतका रूपमा रहेका थिए (रेग्मी, २०६६ : ६३) ।

किरातकालीन स्थापित यस राज्य संयन्त्रहरूले किरातकालको अवस्था उच्च रहेको देखाउँछ । यस आधारमा तत्कालीन समयको समसामयिक शिक्षा पनि उच्च प्रकारको शिक्षा थियो भन्ने प्रष्ट हुन्छ । तत्कालीन राज्यमा  अमनचयन कायम गरी चुस्तदुरुस्त गर्ने स्थापित राज्य संयन्त्र सञ्चालनका लागि प्रशिक्षित जनशक्तिको आवश्यकता पूरा गर्न समसामयिक शैक्षिक पद्धतिले सहयोग पु¥याएको थियो । परिणामतः स्फूर्त रूपमा ती राजनीतिक, प्रशासनिक तथा न्यायिक निकायहरू चलायमान हुन्थे । तत्कालीन किरात राई राज्यमा प्रचलित शिक्षा पद्धति निम्न २ प्रकारको थियो :

### (क) मुन्धुम दर्शनमा आधारित शिक्षा

किरात राई जातिको मुख्य दर्शनको स्रोत भनेको मुन्धुम हो । मुन्धुमलाई लिम्बुले मुन्धुम, सुनुवारले मुक्दुम/मुग्दुम, याक्खाले मुन्तुम र राईहरूमा कुलुङले रिद्दुम, चाम्लिङले मुदुम, दुमी, मेवाहाङ, साङपाङले मद्दुम, पुमाले मुत्दुम, बान्तावाले मुन्दुम, याम्फुले मिन्दुम, लोहरूङले मुन्दुम/पेल्लाम, वाम्बुलेले मुक्तुम/मुक्दुम  भन्ने गर्दछन् (चाम्लिङ, २०७१ : ७५) । त्यसरी नै खालिङले ख्यालतम्र भन्दछन् । यसरी सम्पूर्ण किरातहरूको दर्शनका रूपमा रहेको मुन्धुमको वास्तविक अर्थ समग्रमा एउटै रहेको पाइन्छ ।

किरातीहरूको जीवन दर्शन मुन्धुमको वास्तविक अर्थ के हो ? भनेर बुझ्नका लागि सर्वप्रथम शाब्दिक अर्थलाई केलाउन आवश्यक छ । मुन्धुमको शाब्दिक अर्थ विभिन्न आधारमा लगाउने गरिएको छ । मुन्दुम (मुन्धुम) लाई शाब्दिक रूपमा विश्लेषण गरी हेर्दा मना+दुम अथवा मना+धुम् हुन्छ, जसको सोझो अर्थ मानवको खोजी वा मान्छेको कुरा भन्ने हुन आउँछ । अर्थात् मानव सृष्टि पहिल्याउनु, मानवको उत्पत्ति र त्यसको ऐतिहासिक विकास क्रमको पहिचान गर्नु, मानव समाजमा विद्यमान विभिन्न सङ्गति र विसङ्गतिहरूको खोजी र व्याख्या गर्नु आध्यात्मिक चिन्तन र वैज्ञानिक जीवन पद्धतिका अतकरेकवालाई एकसाथ व्याख्या गर्नु नै मुन्दुम (मुन्धुम्) हो (राई, २०५८ : ११) ।

मुन्धुमलाई प्राचीन पुर्खाहरूले देखेको सत्य, भोगेको सत्य र सोचेको सत्य नै वर्तमानसम्म मुन्धुमका रूपमा एक पुस्ताबाट अर्को पुस्ताबिच हस्तान्तरण हुँदै वर्तमानसम्म मौखिक रूपमा बाँच्न सकेको छ । यिनै मौखिक आस्था र विश्वासको लिखित शास्त्र नै वास्तवमा मुन्धुम हो (राई, २०७१ : ७५) । मुन्धुम किरात राई जातिको जीवनयापनको समग्रता हो । मुन्धुममा सृष्टिको उत्पत्तिदेखि जीवनकाल र अन्त्यसम्मको व्याख्या र व्यवस्था गरिएको हुन्छ । त्यसैले मुन्धुम किरात राई जातिको समग्रताको स्रोत हो ।

हिन्दु धर्मावलम्वीहरूको वेद, क्रिश्चियनहरूको बाइबल, मुस्लिमहरूको कुरान र बुद्धिस्टहरूको त्रिपिटकभन्दा माथि कोही पनि माथि नभए जस्तै मुन्धुमभन्दा माथि कोही पनि हुन नसक्ने व्यवस्था छ । किरात राई, जति नै बाहुबलको रूपमा होस् वा मानसिक रूपमा शक्तिशाली होस् मुन्धुमको मातहतमा रहेको हुन्छ । मुन्धुममा व्यवस्थाअनुसार हरेक किरात राईले आफ्ना क्रियाकलापहरू सम्पन्न गर्दछन् । त्यसैले तत्कालीन समयमा मुन्धुमी व्यवस्था नै किरात राई राज्यको संविधान, कानुन तथा नीति नियमको स्रोत थियो । यसैको

आधारमा देशभित्र अमनचयन कायम गरिन्थ्यो । राज्यका प्रशासनिक, राजनीतिक, व्यावहारिक कानुन तथा राज्यको अन्तर्राष्ट्रिय कुटनीतिक सम्बन्ध सम्बन्धहरू तय गरिन्थे ।

किरातकालीन शिक्षा पद्धति पनि मुन्धुममा आधारित रहेको थियो । राजा, राज्य व्यवस्था सञ्चालनका आधारभूत विषयहरू संविधान, कानुन, नीति नियम र सामाजिक व्यावहारिक जीवन पद्धतिका विषयमा मुन्धुम व्यवस्थाको बारेमा शिक्षा प्रदान गरिन्थ्यो । मुन्धुमी ज्ञानमा पारङ्गत किरात व्यक्तित्व नै राज्य सञ्चालन तथा समाज नेतृत्वका लागि सक्षम व्यक्तित्वका रूपमा रहेको हुन्थ्यो । किरात जगत्मा ऋदुम ऋषिया वा मुन्धुम शास्त्र पढेन भने वंश मासिन्छ । विद्या छैन भने देशै अँध्यारो हुन्छ । त्यसकारण मुन्धुम शास्त्र पढ्नुपर्छ भनी निर्देश गरेको पाइन्छ । ऋदुम ऋषिया सुनाइ सिखाइ छोरा छोरीलाई तह लाउनुपर्छ भन्ने बचनले पनि मुन्धुम शास्त्र सम्बन्धी सिकाउने कुरालाई इङ्गित गर्दछ (राई, २०६६ : ३६२) भन्ने कुराले पनि मुन्धुमी शिक्षाको महत्त्वलाई उजागर गरेको पाइन्छ ।

किरातकालीन समयमा प्रचलित मुन्धुमी शिक्षा पद्धतिका बारेमा किरात राई जातिको अध्येता जय सिवाहाङ राईको मैतक्यता रहेको पाइन्छ । त्यसरी नै अर्का किरात राई सम्बन्धी अध्येता चतुरभक्त राईको पनि स्वीकारोक्ति रहेको छ । चाम्लिङ मुन्धुमी संस्कार र संस्कृतिका अध्येता बयानसिंह राईको तर्क पनि दुई अध्येता जय सिवाहाङ राई र चतुरभक्त दुमी राईको तर्कभन्दा फरक रहेको पाइन्दैन । अझ उनको तर्क के पनि छ भने मुन्धुमको अर्को नाम रिसिया पनि हो । यही रिसियाबाट नै ऋषि शब्दको निर्माण पनि भएको हो । तर अहिले अध्ययनको विषय किरात शिक्षा पद्धति भएकाले ऋषि शब्द निर्माणको चर्चालाई यही स्थगित गरिन्छ ।

### (ख) व्यावहारिक शिक्षा पद्धति

किरात राई जातिमा भएको अर्को शिक्षा पद्धति भनेको व्यावहारिक शिक्षा पद्धति नै हो । मानिसको विकासको प्रारम्भिक अवस्थाकाल भएकाले जीवनसँग सरोकार राख्ने विषयहरूमा स्थायी बसोवासका लागि घर र गोठ पहिलो आवश्यकता पर्दथ्यो । त्यसरी नै जीवनयापन गर्नका लागि अन्न उब्जाउ तथा वस्तुपालन महत्त्वपूर्ण रहेको थियो । ढुङ्गे युगभन्दाको उच्च चेतनागत विकासले लत्ता कपडाको विकासले उद्योगमा रूपान्तरणको अवस्था रहेको थियो । खाद्य पदार्थमा अनेक स्वाद प्राप्त गर्न थालिसकेका थिए । त्यसैले पाककला नियमित हुँदै नयाँ नयाँ स्वाद प्राप्तिका लागि सिर्जनारत थिए । जीवन आनन्दानुभूतिका लागि सङ्गीतको सिर्जना भएर नियमितताामा परिणत: भइसकेका थियो । यसरी प्राप्त ज्ञानहरू व्यावहारिक रूपमा पुस्तान्तरण र सामाजीकरण हुँदै एक रूपमा व्यावहारिक शिक्षा पद्धतिको विकास भएको थियो । यो शिक्षाअन्र्तगत वास्तुकला, घरेलु उद्योग, सङ्गीत शिक्षा, कृषि शिक्षा र पाककला आदि पर्दछन् ।

### शिक्षण संस्था

एक लामो कालखण्ड शासन गर्ने किरात राई राज्यमा शिक्षा प्रचलनमा रहेको कुरा प्रष्ट भएको पाइन्छ । तथापि यस्ता शिक्षा दिने संस्थाहरू थिए वा थिएनन् ? भन्ने प्रश्नले पनि महत्त्व राख्दछ । हिन्दू धर्म र

धार्मिक व्यवस्थाअनुसार प्रचलित राज्य व्यवस्थामा गुरुकुल शिक्षा प्रचलन भए जस्तै पृथ्वीनारायण शाहले पूर्वी विजय अभियानभन्दा अधि किरात राई राज्यहरूमा शिक्षा दिने कुनै संस्थागत व्यवस्था थियो वा थिएन ? अवश्य पनि यसबारेमा चर्चा गर्नु आवश्यक छ ।

समग्र किरातहरूको शिक्षा पद्धतिका बारेमा उल्लेख गर्ने क्रममा डा.स्वामी प्रपन्नचार्यले भने गरुकुल शिक्षा पद्धतिअनुसारका शैक्षिक संस्थाका बारेमा उल्लेख गरेका छन् । उनकाअनुसार प्राचीन किरातकालीक समयमा राजा महाराजाहरूले आफ्ना राजकुमारहरूलाई शिक्षा दिन शिक्षासदन, विद्यालय, पाठशाला तथा गुरुकुल आदि खोलेका थिए । यिनै शिक्षण संस्थामा राजकुमार, राजकुमारी र प्रजा वर्गले आध्यात्मिक, ऐतिहासिक, भौगोलिक, वैज्ञानिक आदि विद्याको शिक्षा पाउँथे । परन्तु सदन, पाठशाला तथा विद्यालय सामान्य, प्रजा वर्गदेखि लिएर राजकुमारहरूले पढ्ने आआफ्ना क्षमताका हुन्थे । किन्तु गुरुकुलत पूर्ण विश्वविद्यालय थियो गुरुकुलमा १६ वर्षभन्दा तलका छात्रछात्राहरू पढ्दैनथे । गुरुकुलमा सामान्यत: १८ वर्षदेखि लिएर ३६ वर्षसम्ममा समावर्तन कर्म गर्थे । पढी सकेर घर फर्कन्थे (प्रपन्नाचार्य, २०५१ : १८४) ।

किरात र किरात राई जातिका अर्का अध्येता रामचन्द्र राई रूपाबुङले पनि किरात राई राज्यकालीन शिक्षा पद्धतिका बारेमा उल्लेख गर्ने क्रममा गुरुकुलमा अध्ययन गरी ज्ञान प्राप्त गर्ने पद्धति प्राचीन किरात शिक्षा पद्धति थियो (राई, २०६६ : ३६२) । तर यस्ता गुरुकुल शिक्षा हिन्दू वर्णाश्रमअनुसारको शिक्षा पद्धति जस्तो नभई शिक्षार्थीको अनुकूल हुने गर्दथ्यो ।

## शिक्षाका लागि माध्यम भाषा

शिक्षा हाँसिल गर्नका लागि भाषा अनिवार्य छ । भाषाको माध्यमबाट शिक्षा हस्तान्रण हुन्छ । शिक्षाको माध्यम भाषा के हुने ? भन्ने कुरा तत्कालीन समाजमा बहुप्रचलित भाषालाई सरकारले मान्यता दिई निर्धारण गरेको हुन्छ । किरातकालीन समयमा एकल जातीय बसोवास भएकाले लिम्बुवानमा लिम्बू भाषा र खम्बुवानमा राई खम्बू भाषा प्रचलनमा रहेको थियो । यी क्षेत्रहरूमा अन्य जाति र भाषीहरूको प्रवेश धेरैपछि मात्र भएकाले लिम्बुवान र खम्बुवान क्षेत्रमा अन्य भाषाहरूको प्रचलन तिनै जातिहरूको प्रवेशपछि मात्र प्रवेश भएको हो ।

कुन भाषा प्रयोग गर्ने भन्ने विषयको निर्क्यौल सरकारबाट नै निर्धारण भएको हुन्छ । राष्ट्रभित्रका बसोवास गर्ने जनताले बोल्ने भाषा नै माध्यम हुन्छ । तत्कालीन समयमा किरात राज्यमा किरात जनता मात्र बस्ने भएको र स्थानविशेष किरात भाषा मात्र बोलचालमा रहेकाले शिक्षाका लागि माध्यम भाषा पनि किरात र लिम्बू भएको ठाउँमा लिम्बू भाषा तथा राईहरू भएका ठाउँमा राई भाषा प्रयोग हुन्थ्यो (राई, २०५८ : १६) ।

## अध्यापन हुने विषयहरू

राज्यको शिक्षा पद्धति वा शिक्षा नीतिअनुसार नै शिक्षाका विषयहरू पनि निर्धारण हुन्छन् । यस्ता विषयहरू राज्यको समसामयिक आवश्यकताअनुसार सञ्चालन भएका हुन्छन् । किरात राईहरूको राज्य शासनकाल उपत्यकामा राज्य चलाउनु अगाडिबाट उपत्यकाको किरात शासनको स्थापना र अन्त्यसँगै पूर्वमा पृथ्वीनारायण शाहको विजय अभियान समयसम्म आधुनिक शिक्षा पद्धति नभएकाले तत्कालीन राज्य व्यवस्थाअनुरूपकै शिक्षा प्रचलनमा रहेको थियो भन्न सकिन्छ ।

समग्र किरातकालीन शिक्षा पद्धतिका बारेमा चर्चा गर्दै डा. प्रपन्नाचार्यले तत्कालीन समयमा आध्यात्मिक, ऐतिहासिक, भौगोलिक, वैज्ञानिक आदि विषयहरू अध्यापन हुने उल्लेख गरेका छन् (प्रपन्नचार्य, २०५१ : १८४) । किरात जातिभित्रकै एक शाखा राई पनि भएकाले ती विषयहरू राईहरूबाट शासित राज्यहरूमा सोही विषयहरूको अध्यापन हुन्थ्यो भन्न सकिन्छ । ती विषयहरू बाहेकका अन्य विषयहरूमा ऋदुम रिसिया शास्त्रका अतिरिक्त अस्त्रशस्त्र निर्माण, युद्धभ्यास, औषधी विज्ञान, कृषि तथा वास्तुकला आदि अध्यापन गराइन्थ्यो (राई, २०६६ : ३६२) । गणित, तन्त्रमन्त्र, औषधी र दर्शन शास्त्रमा मन्धुम आदिका शिक्षा दिने व्यवस्था पनि गरिएको थियो (राई, २०५८ : १६) । यस आधारमा किरात राई राज्य शासन व्यवस्थाकालीन शिक्षा पद्धति व्यवस्थित र उच्च थियो भन्न सकिन्छ । तत्कालीन शासन व्यवस्थामा प्रचलित शिक्षाका विषयहरू २ प्रकारका थिए ।

### १. मुन्धुममा आधारित विषयहरू

किरात राई राज्यकालीन शासन व्यवस्थाको सम्पूर्णको स्रोत भनेको मुन्धुम हो । त्यसरी नै शिक्षाको मुख्य स्रोतका रूपमा मुन्धुम नै रहेको थियो । मुन्धुमको आधारमा दिइने मुख्य शिक्षाका विषयहरूमा राज्यसँग सम्बन्धित विषयहरू र व्यक्तिका व्यक्तिगत चरित्र निर्माण तथा नियन्त्रणसँग सम्बन्धित रहेका थिए । यी विषयहरू निम्न थिए :

(क) राज्य सञ्चालन सम्बन्धी शिक्षा

(ख) राज्यको न्यायिक विषयसँग शिक्षा

(ग) अन्तर्राष्ट्रिय सम्बन्ध र कानुनी व्यवस्थासँग सम्बन्धी शिक्षा

(घ) संस्कार संस्कृति, धर्म र पापसँग सम्बन्धी शिक्षा

(ङ) सामाजिक दायित्व र नैतिकता सम्बन्धी शिक्षा

(च) औषधी सम्बन्धी शिक्षा

(छ) वनस्पतिको महत्त्व सम्बन्धी शिक्षा

यी विषयहरूसँग सम्बन्धित शिक्षाले राज्य व्यवस्था सञ्चालन तथा राज्यभित्र अमनचयन कायम गरी राष्ट्र र जनताप्रति उत्तरदायी बन्न नेतृत्व वर्गलाई शिक्षा दिन्थ्यो । त्यसरी नै जनताहरूलाई पनि राष्ट्र र नेतृत्वप्रति सम्मान जनाउन सिकाएको थियो । न्याय व्यवस्था कायम गर्न तथा तथा समाज सञ्चालन गर्नका लागि न्यायिक मुन्धुम नीति र सामाजिक दायित्व सम्बन्धी शिक्षाले सामाजिक दायित्व बहन गर्ने शिक्षा दिन्थ्यो । छिमेकी राष्ट्रसँगका व्यावहारका विषयहरू पनि मुन्धुम निर्देशित नै थिए । मुन्धुम सकारात्मक विशेषताको भएकाले सकेसम्म छिमेकी राष्ट्रहरूसँग युद्धभन्दा पनि समधुर वातावरण बनाउने र आइपरेमा खुट्टा कमाउन नहुने शिक्षा प्रदान गर्दथ्यो ।

किरात राई इतिहास र संस्कृति अध्येता चतुरभक्त राईका अनुसार मुन्धुम शिक्षाको स्रोत भनेको मुन्धुम, रिसिया जान्ने माङपा, कुबि, होमे, नाक्छोङ र नाक्सोहरू थिए । उनीहरूले मुन्धुम शिक्षा अवसर विशेष, अवसर मिलाएर प्रवचन वा छलफल विधिमार्फत व्यक्ति विशेष वा सामूहिक रूपमा दिने चलन थियो । यस कुरामा  शिक्षा प्रदान गर्ने स्थान कुनै निश्चित ठाउँ वा आपसी छलफलद्वारा तय गरिएको ठाउँमा दिइन्थ्यो । छलफलमा भाग लिनका लागि महिला पुरुषको भेदभाव गरिन्नथ्यो । अर्का अध्येताहरू नारदमुनी हार्ताम्छाली र बयानसिंह राईको पनि यस भनाइप्रति सहमति रहेको छ ।

## व्यावहारिक शिक्षा

किरात राई राज्यकालीन शिक्षाको अर्को महत्त्वपूर्ण पाटो व्यावहारिक शिक्षा हो । यो मुन्धुम शिक्षाभन्दा भिन्न पारिवारिक र सामाजिक व्यावहारसँग सम्बन्धित रहेको थियो । यसमा मुन्धुमको ज्ञानको आवश्यकता पर्दैनथ्यो । तर तत्कालीन मानिसका व्यावहारिक जीवन र सामाजिक व्यावहार तथा कलासँग सम्बन्धित थिए । व्यावहारिक शिक्षाअन्तर्गत निम्न प्रकारका शिक्षाहरू प्रदान गरिन्थ्यो :

(क) पाक शिक्षा

(ख) वास्तुकला

(ग) गीत, सङ्गीत तथा नृत्य सम्बन्धी शिक्षा

(घ) सिकार सम्बन्धी शिक्षा

(ङ) धनुर्विद्या र युद्धकला सम्बन्धी शिक्षा

(च) सामाजिक व्यावहार सम्बन्धी शिक्षा (नाताआफन्त चिन्ने आदि)

किरात राई इतिहास र संस्कृति अध्येता जय सिवाहाङका अनुसार व्यावहारिक शिक्षा सम्बन्धित विषयका जानकारबाट दिइन्थ्यो । यस्ता जानकारहरूले आफ्ना मातापिता तथा समाजका अन्य व्यक्तिहरूबाट सिकेका कुरा अन्य समाजका केटाकेटी, युवायुवतीहरूलाई ज्ञान हस्तान्तर गर्दथे । यसको लागि घर, समाज वा सम्बन्धित कार्यस्थलमा शिक्षा दिइन्थ्यो । जीविकामूलक खेती तथा वस्तुपालन गर्ने, सिपमूलक कार्यहरूमा कपडाका लागि तान लगाउने र बुन्ने, डोकाडाला, नाम्लो बुन्ने, हलोजुवा, काठका भाँडाकुडा

बनाउने जस्ता शिक्षाहरू पर्दथे । तत्कालीन समयमा बान्तावा राईभित्रका साम्केत पाछाहरू फलामका हातहतियारहरू बनाउन सिपालु थिए (बतास, २०६७ : १८४) । व्यक्तिगत चाहना भएकाहरूले भने आफैँले गुरु थापेर सिप सिक्ने चलन थियो ।

## निष्कर्ष

लिच्छवीकालीन शिलालेखहरूमा उल्लिखित पूर्वका किरात राज्य, पूर्वका इतिहासकारहरूको मतअनुसार लिच्छवीकालमा प्रचलित प्रशासनिक, न्यायिक र राजनीतिक संस्थाहरू किरात कालको उल्लेख भएबाट किरात शासन तथा शासक तत्कालीन अवस्थामा सभ्यताको शिखरमा रहेको प्रष्ट हुन्छ । लिच्छवीहरूबाट पराजित भई पूर्व लागेका किरात शासक विभाजित भई अरूण पूर्व लिम्बू, अरूण पश्चिम सुनकोशीसम्म राई र सुनकोशी पश्चिम सुनुवार अर्थात् पल्लो किरात, माझकिरात र वल्लोकिरातमा विभाजित भई पुन: राज्यशासन चलाउन थालेको पक्का भएको छ । तत्कालीन राज्य व्यवस्था सञ्चालनको लागि आवश्यक जनशक्ति तयार गर्ने क्रममा सामयिक अवस्थाअनुसारको शिक्षा प्रचलनमा थियो । यो शिक्षा हिन्दू शिक्षा पद्धतिको गुरुकूल शिक्षाभन्दा भिन्न थियो । पल्लो किरातमा लिम्बू राज्य भएकाले लिम्बू जातिअनुकूलको शिक्षा पद्धति प्रचलनमा थियो भने वोल्लो किरात राज्यमा पनि सुनुवार जाति र राज्य व्यवस्थाअनुकूलको शिक्षा पद्धति थियो । त्यसरी नै माझकिरातको किरात राई राज्यमा पनि किरात राई राज्य अनुकूलको शासन र शिक्षा पद्धति थियो ।

त्यतिबेलासम्म माझकिरातमा अन्य जातिको बसोवास वृद्धि भएको थिएन । मात्र राई जाति भएकाले राई भाषा नै राज्य भाषाको रूपमा प्रचलनमा रहेको थियो । भाषाको विकास भइसकेकाले लिपिको पनि विकास भएको अनुमान गर्न सकिन्छ । तर त्यो लिपि कस्तो थियो ? किरात लिपि वा शृजङ्गा लिपि नै प्रचलनमा थियो ? यकिन साथ भन्न सकिन्न । यसरी किरातकालमा शिक्षाको विकास प्रचुर मात्र भएको थियो भनेर निष्कर्षमा भन्न सकिन्छ ।

## सन्दर्भ सामग्री

अर्जेल, ऋषिराम, २०४२, माझ-किरात, भोजपुर : राजेन्द्र प्रधान ।

आचार्य, बाबुराम, २०५४, नेपालको सांस्कृतिक परम्परा, काठमाडौँ : श्रीकृष्ण आचार्य ।

आचार्य, बाबुराम, २०६३, नेपालको सङ्क्षिप्त वृत्तान्त, काठमाडौँ : अन्तर्राष्ट्रिय मञ्च छापाखाना प्रा.लि. ।

राई, बिष्णु एस, २०६७, खम्बुवानबाट हराएका सन्तानहरू, काठमाडौँ : लेखक स्वयम् ।

पाण्डे, रामकुमार, २०५५, नेपाल परिचय, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

प्रपन्नाचार्य, डा.स्वामी, २०५७, प्राचीन किरात इतिहास, पाँचथर : किरातेश्वर प्रकाशन ।

बतास, निराजन, २०६७, खोक्चिलिपा, काठमाडौँ : किरात विज्ञान अध्ययन संस्थान ।